## जिल्लाको नामाकरण सम्वन्धी धारणा

हिन्दु पुराण अनुसार जनक वंशका २२ औं राजा शिरध्वजको राज्यमा एउटा ठुलो खडेरी पर्दा धेरै मानिसहरुको ज्यान गयो र मानिसहरु ठूलो विपदमा परे सो खडेरीको अन्त्यका लागी आफ्ना विद्वान् सहयोगीहरुको सल्लाहमा उनले आफैले हलो जोते, जोत्ने क्रममा उनले वालिका फेला पारे जसको नाम उनले जानकी राखे । पछि उनले आफ्नी छोरी जानकीको विवाह आफ्नो दरवारमा रहेका शिव धनुषमा तादो चढाउन सक्ने संग गरिदिने प्रस्ताव राखे । थुप्रै शक्तिशाली व्यक्तिहरुले यसको लागी प्रयास गरे तर उनीहरु उक्त धनुष उठाउन पनि सकेनन् । अयोध्याको राजकुमार भगवान राम, उनका भाई लक्ष्मण र गुरु विश्वामित्र सहित जनकपुर आए । रामले उक्त भव्य धनुष उठाए र ताँदो चढाउन लाग्दा सो धनुष भाँचिन गयो । त्यही धनुषको नामवाट यस जिल्लाको नाम धनुषा रहन गएको हो ।

## जिल्लाको सिमाना

यस जिल्लाको प्राकृतिक सिमाना पूर्वमा कमला नदी, दक्षिणमा भारत संगको अन्तर्राष्ट्रिय सिमाना, पश्चिममा रातु नदी र उत्तरमा चुरे पहाडको दक्षिणी पानी ढलो पर्दछ । छिमेकी जिल्लाहरुमा पूर्वमा सिरहा, पश्चिममा महोत्तरी र उत्तरमा सिन्धुली जिल्ला पर्दछ भन्ने दक्षिणमा भारत पर्दछ ।

# सामाजिक तथा आर्थिक अवस्थाहरु

### जनसंख्या विवरण

| विषय | जनगणना भएको वर्ष | | |
|---|---|---|---|
| | २०४८ | २०५८ | २०६८ |
| जनसंख्या | ५४३६७२ | ६७१३६४ | ७५४७७७ |
| पुरुष | २८१७७५ | ३४९४२२ | ३७८५३८ |
| महिला | २२१८९७ | ३२१९४२ | ३७६२३९ |
| घरधुरी | ९८३५८ | ११७४१७ | १३८२४९ |
| सरदर घरधुरी साइज | ५.५३ | ५.७२ | ५.४६ |
| जनसंख्या घनत्व (प्रति वर्ग कि.मि.) | ४५९.५७ | ५६९ | ६३८. |
| श्रोतः राष्ट्रिय जनगणना २०६८ | | | |

### जातजाति अनुसार जनसंख्याको विवरण

| सि.न. | जात | २०५८ | | २०६८ | |
|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ | यादव | ११७९५९ | १७.५७ | १३२६१४ | १७.५७ |
| २ | मुस्लीम | ५६९९९ | ८.४९ | ६४०८१ | ८.४९ |
| ३ | केवट | ४१५५७ | ६.१९ | ४६७२१ | ६.१९ |
| ४ | धानुक | ३३९०४ | ५.०५ | ३८११६ | ५.०५ |
| ५ | तेली | ३३८३७ | ५.०४ | ३८०४१ | ५.०४ |
| ६ | सुडी | २३३६४ | ३.४८ | २६२६६ | ३.४८ |
| ७ | ब्राम्हण | २५४४५ | ३.७९ | २८६०६ | ३.७९ |
| ८ | दलित | ११५९४४ | १७.२७ | १३०३५० | १७.२७ |
| ९. | अन्य जातीहरु | २२२३५५ | ३३.१२ | २४९९८२ | ३३.१२ |
| | जम्मा | ६७१३६४ | १०० | ७५३७७७ | १०० |
| श्रोतः केन्द्रीय तथ्याङ्क विभाग, जनगणना २०५८, २०६८ | | | | | |

### धर्म सस्कृति अनुसारको जनसंख्या (प्रतिशतमा)

| सि.नं. | धर्म | परिमाण | | | |
|---|---|---|---|---|---|
| | | २०५८ | | २०६८ | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | हिन्दु | ६०३७६३ | ८९.९३ | ६७४३६७ | ८९.३५ |
| २. | बौद्ध | ९६९६ | १.४४ | ११२२० | १.४९ |
| ३. | इस्लाम | ५६१२४ | ८.३४ | ६३०९९ | ८.३४ |
| ४. | किराती | २५ | ०.००३ | १६५ | ०.०२३ |
| ५ | क्रिश्चियन | २३० | ०.०३५ | ६५२ | ०.०८६ |
| ६ | अन्य | १५२६ | ०.२२८ | ५२७४ | ०.७० |
| जम्मा | | ६७१३६४ | १०० | ७५४७७७ | १०० |

श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, जनगणना २०६८

**भाषाको विवरण**

| सि.नं. | भाषा | परिमाण | | | |
|---|---|---|---|---|---|
| | | २०५८ | | २०६८ | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| | मैथली | ६०२१२१ | ८९.६८ | ६७६८८४ | ८९.६८ |
| | नेपाली | ३७००६ | ५.५२ | ४१६६४ | ५.५२ |
| | तामाङ | ७२५८ | १.०८ | ८१५२ | १.०८ |
| | नेवार | १५११ | ०.२३ | १७३६ | ०.२३ |
| | मगर | ५४६५ | ०.८१ | ६११४ | ०.८१ |
| | अन्य | १८००३ | २.६८ | २०२२७ | २.६८ |
| जम्मा | | ६७१३६४ | १०० | ७५४७७७ | १०० |

श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, जनगणना २०६८

**पेशा**

यस जिल्लाका वासिन्दाहरुको मुख्य पेशा कृषि रहेको छ । यहां करीव ९० प्रतिशत भन्दा बढी जनताहरु कृषिलाई नै आफ्नो जिविकोपार्जनको मुख्य पेशाको रुपमा अंगालेको पाईन्छ । यसका अलावा नोकरीलाई दोस्रो पेशाको रुपमा लिईएको पाईन्छ । नोकरी गर्नेहरु मध्ये सरकारी सेवामा, शिक्षक पेशामा र हाल आएर बैदेशिक रोजगारमा रहेको पाइएको छ । यस जिल्ला अन्तरगत वन पैदावारमा आधारित उधोगहरुमा रोगजारीमा संलग्न भई पेशा अंगालेको संख्या पनि उल्लेखनीय रुपमा रहेको छ । कृषि मजदुरको रुपमा भारतका विभिन्न प्रान्तमा गई काम गर्नेहरुको जनसंख्या पनि ठुलै रुपमा रहेको देखिन्छ । हाल कृषि पेशाहरुबाट आफ्ना चाहना परिपुर्ति गर्न कठिनाइ हुदै गएपछि ति पेशा प्रतिको आकर्षण क्रमशः घट्दै गई बैदेशिक रोजगारी, नया उद्योग, व्यवसाय र व्यापार तिरको आकर्षण बढ्दै गएको देखिन्छ ।

**आय आर्जनका स्रोतहरु**

**उद्यम**

परम्परागत रुपमा धनुषा जिल्लाका धेरैजसो जनताहरु खास गरी कृषि, पशु, र वन संग सम्बन्धित पेशामा निर्भर रहदै आएको पाइन्छ । हाल ति पेशाहरुबाट आफ्ना आवश्यकता परिपुर्ति गर्न कठिनाइ हुदै गएपछि ति पेशा प्रतिको आकर्षण क्रमशः घट्दै गई नया उद्योग, व्यवसाय र व्यापार तिरको आकर्षण बढ्दै गएको देखिन्छ । यस जिल्लामा वन पैदावारमा आधारित उद्योगहरुमा कागज कारखाना १ वटा, प्लाइउड उद्योग २ वटा, स:मिल ८३ वटा, फर्निचर उद्योग ४१ वटा भन्दा बढी र टपरी उद्योग ३ वटा, इटा भट्टा उद्योग ३० वटा र उड सिजनिङ्ग

ईन्डष्ट्रीज २ वटा संचालनमा रहेका छन । यी उद्यमहरुमा प्रत्यक्ष रुपमा रोजगरीमा संलग्न भई स्थानीय जनताहरुले थप आयआर्जन गरिरहेका छन । वन पैदावारमा आधारित उधोगहरुको नामावली अनुसूची १ मा उल्लेख गरिएको छ ।

**कृषि सम्वन्धी प्रमुख सूचकहरु**

| क्र.सं | विवरण | जनसंख्या | कैफियत |
|---|---|---|---|
| १ | कुल परिवार संख्या मध्ये कृषिमा संलग्न परिवार संख्या | ८७४६४ | |
| २ | कुल जनसंख्यामा कृषि पेशामा सलग्न जनसंख्या | ५५६३५६ | |
| ३ | कृषियोग्य जमिनको जम्मा क्षेत्रफल | ७६७९१ | |
| ४ | कुल कृषि योग्य जमिन मध्ये सिंचित क्षेत्र | ५२०७८ | |
| ५ | कृषि ऋण लिने परिवार | २६८९६ | |
| श्रोतः जिल्ला कृषि विकास कार्यालय, धनुषा , २०६८ | | | |

**पशु संख्याको विवरण**

| क्र.सं. | पशुको विवरण | पशुको जम्मा संख्या जिल्लामा २०६८ जनगणना अनुसार | व्यवस्थापन योजनाले ढाकेको क्षेत्रको पशु संख्या |
|---|---|---|---|
| १ | गाई/गोरु | ८९०१२ | १७६२६ |
| २ | भैंसी | ६४३३४ | १२७३९ |
| ३ | बाखा | १७८११४ | ४०२७० |
| ४ | सुंगुर | ६७४२ | १३४२ |
| ५ | भेडा | ३०७ | २६७ |
| ६ | अन्य(हांस, कुखुरा) | ३७६०२५ | ७४४६० |
| | जम्मा | ७१४५७४ | १४७६०४ |

स्रोतः जिल्ला पशु सेवा कार्यालय प्रतिवेदन २०६९

**रोजगार तथा श्रमको विवरण**

| सि.न. | पेशा | कुल | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | कृषि वन | २७५६४५ | ३६.५२ |
| २ | घरेलु शिल्प उद्योग तथा यान्त्रिक दक्ष पेशा | १०६१९७ | १०.०७ |
| ३ | सरकारी र गैसस सेवा | १४५७४७ | १९.३१ |
| ४ | उच्च अधिकृत, प्रबन्ध | ४९८२ | ०.६६ |
| ५ | व्यापार ब्यवसायिक | २४००२ | ३.१८ |
| ७ | अन्य | १९८२०४ | २६.२६ |
| | जम्मा | ७५४७७७ | १०० |

स्रोतः जिल्ला पार्श्वचित्र २०६५

**रोजगार तथा वेरोजगारको अवस्था :**

यस जिल्लाका बासिन्दाहरुको मुख्य पेशा कृषि र पशुपालन नै रहेको छ । विगत ३५-४० वर्षको अवधिमा जनकपुर चुरोट कारखाना, एभरेष्ट पेपरमिल, मैदामिल, स:मिल, राईस मिल आदि जस्ता कलकारखाना र जनकपुरको शहरी कारणबाट विभिन्न व्यापार समेतको अवसरले केही मात्र उधोग, व्यापार र नोकरी पेशामा लागेका छन् । मुख्यत: खाधान्न बाली धान, गहु, मकै, आलु आदि छन् भने नगदे बालीमा उखु, तेलहन सूर्ति दाल आदि छन् । उत्पादित कृषि बाली जिल्ला बाहिर पनि निकासा गरिन्छ वार्षिक खाधान्न उपलव्धी परिवारको प्रतिशत निम्नानुसार भएको अनुमान गरिन्छ ।

खाद्य सुरक्षाको अवस्था

| क्र.सं. | खाद्य सुरक्षाको अवस्था | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १. | १ देखि ३ महिना खान पुग्ने | १६३१३ | ११.८ |
| २. | ४ महिना देखि ६ महिनासम्म खान पुग्ने | ५३५०२ | ३८.७ |
| ३. | ६ महिना देखि ९ महिनासम्म खान पुग्ने | ३०९६८ | २२.४ |
| ४. | १० महिना देखि १२ महिना खान पुग्ने | ३५९३१ | २५.९९ |
| ५ | बर्षभरी नै किनेर खाने | १५३५ | १.११ |
| | जम्मा | १३८२४९ | १०० |

स्रोत: जिल्ला पार्श्वचित्र २०६५

**शैक्षिक अवस्था (५बर्ष उमेर भन्दा माथिका)**

| सि.नं. | साक्षरता विवरण | परिमाण | | | |
|---|---|---|---|---|---|
| | | २०५८ | | २०६८ | |
| | | जनसंख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | लेख्न र पढन सक्ने | २५५०४५ | ४५.७४ | ३४२६९४ | ५०.४४ |
| २. | पढन मात्र सक्ने | २८८७० | ५.१७ | २२७८९ | ३.३५ |
| ३. | लेख्न र पढन नसक्ने | २६९८७३ | ४८.४७ | ३११३४३ | ४५.८२ |
| ४. | थाहा नभएको | ४१५२ | ०.६२ | २६१९ | ०.३९ |
| **जम्मा** | | **६७१३६४** | **१००** | **६७९४४५** | **१००** |

स्रोत: जनगणना,२०६८

- पुर्व प्रा.वि. ६६१ (निजी स्कुल १७ वटा)
- प्रा.वि. ३८६ (निजी ४८ वटा)
- नि.मा.वि. १२२ (निजी १५ वटा)
- मा.वि. ६८ वटा (निजी १२ वटा)
- उच्च मा.वि. ५९ (निजी २२ वटा)
- वाल विकास केन्द्र विधालयमा आधारित २९३
- वाल विकास केन्द्र समुदायमा आधारित ३०६
- श्रोत केन्द्र ११
- **साक्षरता**
  - साक्षरता दर ४१.८९ प्रतिशत

**प्रमुख सांस्कृतिक पर्व तथा चाडहरु**

यो जिल्ला मिथिला प्रदेशको ऐतिहासिक, सांस्कृति र पुरातात्विक वस्तुहरुले सम्पन्न रहेकोले यहां सांस्कृति, पर्व र चाडहरु पनि यसै संग सम्बन्धित रहेका छन । यस जिल्लामा जातीय विविधता पनि रहेको छ, फलस्वरुप सांस्कृति, पर्व र चाडहरुमा पनि विविधता नै रहेको पाईन्छ । यहाका वासिन्दाहरुले मुख्य गरी जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, संकटमोचन मन्दिर जस्ता महत्वपुर्ण मन्दिरहरुलाई पुज्ने गरेको पाईन्छ । यस क्षेत्रमा मुख्य चाडमा छैठ, माघे संक्रान्ति, रक्षाबन्धन, ऋषि पञ्चमी, दशै, तिहार, वसन्त पञ्चमी, विवाह पञ्चमी, फागु पूर्णिमा, शिवरात्री, रामनवमी, जानकी नवमी जस्ता चाडपर्वहरु प्रमुख पर्वको रुपमा मनाउने गर्दछन् ।

**बसाइ सराइ आदि**

यो जिल्ला खुल्ला भारतसंग जोडिएको सिमाना तथा पहाडवाट हुने वर्षेनी वसाई सराइ गरी आउनेहरु संख्या उल्लेखनीय नै रहेको देखिन्छ । २०४८ र २०५८को जनगणना अनुसार बसाई सराई गरी गाउबाट शहर तर्फ आउनेहरुको संख्या बढदै गई रहेको देखिन्छ । तसर्थ, २०५८ को जनगणना अनुसार २४२२५ घरधुरीहरु गांउबाट शहरमा बसाई सराई गरेको देखिन्छ, जसलाई प्रतिशतमा हेर्दा करीव ११.०२ प्रतिशत देखिन्छ । यसैगरी २०६८ को जनगणनाको तथ्यांकलाई हेर्दा बाह्रय खास गरी पहाडी जिल्लाहरुबाट बसाई सराई गरी आउनेको संख्या घटदै गएको देखिन्छ । साथै जिल्ला बाट अन्यत्र बसाई सराई गरी जानेको संख्या पनि उल्लेखनीय नै रहेको पाईन्छ । खासगरी यस क्षेत्रका मानिसहरु काठमाण्डौ, विराटनगर, विरगन्ज र हेटौडा जस्ता शहरहरु तर्फ बसाई सराई गरी गएको देखिन्छ ।

**पुरातात्विक र पर्यटकीय महत्वपुर्ण क्षेत्र**

यो जिल्ला मैथिली ऐतिहासिक, धर्म, सांस्कृति र पुरातात्विक वस्तुहरुले सम्पन्न रहेको छ । यहा रहेको मैथिली ऐतिहासिक, धर्म, सांस्कृति र पुरातात्विक वस्तुहरु र भौगोलिक विविधता र प्राकृतिक तालतलैयाहरुले भरिपुर्ण भएको धार्मिक तथा पर्यापर्यटकहरु बढी आर्कषक गरिरहेको छ ।

मुख्य पुरातात्विक र पर्यटकीय महत्वपुर्ण क्षेत्रहरु

| स्थानहरु | मुख्य आर्कषणहरु | |
|---|---|---|
| जनकपुर | मन्दिरहरु | जानकी मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिर, जनक मन्दिर, बिवाह मण्डप, संकटमोचन, दुल्हा दुल्हिन मन्दिर,शिव मन्दिर, कुपेश्वरनाथ महादेव, कपिलेश्वरनाथ महादेव, राजदेवी मन्दिर, दशरथ मन्दिर, मन्दिरहरु र अन्य केही मन्दिरहरु |
| | कुण्ड पोखरीहरु | गंगासागर, धनुषसागर, विषहरा पोखरी, महाराज सर, कुण्ड र पोखरीहरु, धार्मिक महत्वका अन्य लगभग २५ पोखरीहरु |
| | अन्य आर्कषण स्थलहरु | सन्ध्याकालिन दैनिक महागंगा आरती, स्वर्गद्वार, रामानन्द चौकको प्रवेशद्वार , राम टावर, मैथिली कवी विद्यापती स्मारक विजलपुरा-जनकपर-जयनगर चल्ने नेपाल रेलवे |
| धनुषाधाम | शिवधनुषको अवशेष, राममन्दिर, माघ महिनामा लाग्ने मेला | |
| ठेराकचुरी | मिथिला विहारी मन्दिर | |
| गोदार | कमलानदी, पहाडी दृश्य | |
| सतोषर | शिवमन्दिर | |
| महेन्द्रनगर | क्षीरेश्वरनाथ महादेवको मन्दिर | |
| यदुकुहा | शहीद स्मारक | |

## १.२ भौगोलिक अवस्था तथा बनोट (configuration of the ground)

**क्षेत्रफल र उचाई**

यस जिल्लाको जम्मा क्षेत्रफल १,१८३ वर्ग कि.मी. रहेको छ । यो जिल्ला २६ डिग्री ३५ देखि २७ डिग्री ०५ अक्षांश र ८५ डिग्री ५३ देखि ८६ डिग्री २० देशान्तरमा फैलिएको छ (जिल्ला नक्शा) । यो जिल्लाको भौगोलिक बनोट

तिन भागमा विभाजन भएर रहेको छ । यसको दक्षिणी भागमा समतल तराई पर्दछ, भने उत्तरमा भावर जसको उचाई ५००-८०० फिटसम्म फैलिएको छ र चुरे पहाड २००० फिट सम्मको उचाईमा रहेको छ । चुरे पहाडको कमजोर भु-वनोटका कारण वर्षेनी भू-स्खलन भैरहेको छ भने तराईमा नदी कटान र उकास भई उर्वरा कृषि भुमि मरुभुमिकरण भई रहेको अवस्था छ । चुरे क्षेत्रमा १५ देखि २५ डिग्री सम्म भिरालोपन रहेको छ, भने भावरमा १० डिग्री देखि १५ डिग्री सम्म रहेको छ । त्यसैगरी तराई क्षेत्रमा ३ देखि १० डिग्री सम्म भिरालोपन रहेको पाईन्छ ।

## १.३ जियोलोजी (खनिज, चट्टान र माटो) तथा बनोट

यो जिल्लाको भौगोलिक संरचना अनुसार दक्षिण तराई, उत्तरमा भावर र चुरे क्षेत्र पर्दछ । जस मध्ये तराई ५०.९५ %, भावर २७.४६% र चुरे २१.५८% क्षेत्रफलमा फैलिएर रहेको छ । तराई समथर र उर्वराशिल माटो पाईन्छ भने भावर र चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी वालुवा मिसिएको बलौटे माटो पाईन्छ । यो जिल्ला भित्र चट्टान किसिमको स्थायी प्रकृतिको संरचना भएको भू-वनोट पर्दैन । चुरे पहाडको कमजोर भौगेलिक भू-बनोट र कम वनस्पतीको साथ भू-क्षय हुने किसिमको माटो भएको कारणले भु-क्षय भै मलिलो माटो बगाई लैजाने गर्दछ ।

### खनिज

यस जिल्लामा हाल सम्म खनिज पदार्थहरु रहे नरहेको पत्ता लाग्न नसके पनि चुरे खण्डमा केहि मात्रामा चुन ढुङ्गा रहेको देखिन्छ ।

### चट्टान

चुरे क्षेत्रमा कम उमेरका चाडो भू-क्षय हुने नदीले छोडेको ढुङ्गा, बालुवा र माटोको प्रभुत्व रहेको छ । शिवालीक बलौटे चट्टान, खस्रो बालुवा, सिल्ट चट्टान, सेल (Shell) र Conglomerate बाट बनेको छ । भावर क्षेत्र शिवालिकको तल्लो भू-भाग हो जुन बलौटे ग्रेगर ढुंगा, Cobbles / Pebbles (Coarsly binded stone, crystalline rocks, Clay & conglomerates) बाट बनेको छ । तराईको भूगर्भ अनुसार फरक छ, परिणाम स्वरुप भूमिगत जल सतहको गहिराई फरक रहेको छ । दक्षिण तराई भन्दा उत्तर तराई बढी बलौटे छ ।

### माटो

चुरे पहाडमा माटोको सतह साह्रै पातलो गरी मुख्य चट्टान माथि रहेको छ जसलाई Ustrorthents भनि वर्गीकृत गरिएको छ जुन मुख्य रुपमा पत्रे चट्टानबाट विकसित भएको हो । पांगो माटो भएको यो संरचना सजिलै बग्ने र भिन्न पि.एच ($P^H$) भएको छ । तराई वनमा भएको माटो लाई Ustrorthents / Haplostolls मा वर्गीकृत गरिएको छ । यी माटाहरू बलौटे पांगो देखि चिम्टाईलो बलौटे सम्म रहेका छन् । वर्षातमा चुरेको माटो पानी संगै बगेर तल्लो जलाधार क्षेत्रमा आई थुप्रिने गर्दछ ।

### भौगोलिक बनौट

भौगोलिक रुपमा यो जिल्लाको भू-भाग समतल (तराई) र चुरे भावर पर्वत श्रृङखलाले समेटेको छ । तराई समतल भू-भाग अति उव्जाउ क्षेत्र हो भने चुरे भावर अति जर्जर (भू-क्षय हुन सक्ने) संवेदनशिल क्षेत्र छ । वर्षेनी बर्षायाममा बाढी जानु यस क्षेत्रको नियति नै छ यसले गर्दा यस जिल्लाको दक्षिणी भेगका प्राय: जसो भू-भागहरु जलमग्न भएर ठूलो दुखको कारण बन्ने गरेको छ । यस भू-क्षयले तराई क्षेत्रमा गएर वर्षेनी वर्षायाममा वाढी पहिरो प्रकोपले ठूलो धन जनको क्षति पु-याउने गरेको छ । चुरे क्षेत्रको वन क्षेत्र तथा तराई भावरको वन क्षेत्रहरुले मात्र भू-क्षयको प्रकृयालाई रोक्न सक्ने क्षमता भएकोले उक्त क्षेत्रको संरक्षण अत्यन्त जरुरी देखिएको छ । यो जिल्लाको टोपो ग्राफी एकदम फरक किसिमको छ । तराईको समतल जग्गा देखि उत्तर तिर लाग्दै जादा भिरालो हुदै गएको महसूस हुन्छ । यो जिल्ला ६० मीटर उचाई देखि ६०० मी. उचाईमा अवस्थित छ ।

## १.४ जलवायु तथा बर्षा (Climate and precipitation)

यो जिल्ला उप-उष्ण किसिमको हावापानी भएको क्षेत्रमा पर्दछ । यहाको औसत अधिकतम तापक्रम ३०- ४० डिग्रीसेल्सियस औसत न्यूनतम ताक्रम १९-६ डिग्रीसेल्सियस रहेको छ । यो जिल्ला भित्र औसत वर्षा १४०० मि.मि. बर्षात ३-४ महिना भित्र रहेको रेकर्डले देखाउछ ।

## १.५. जल सम्पदा (नदी, ताल, सिमसार क्षेत्र)

धनुषा जिल्लालाई ताल पोखरीहरुको जिल्ला भनेर पनि चिनिने गरिन्छ । विशेष गरी प्रत्येक गा.वि.स.मा औसत ३ देखि ४ वटा सम्म पोखरीहरु भएको पाइन्छ । त्यस्तै जनकपुर नगरपालिका भित्र मात्रै १०५ वटा भन्दा बढी ताल पोखरीहरु भएको अनुमान गरिएको छ । यस जिल्लामा १५६३ पोखरी तालतलैया रहेको छ, जसले डिल सहित ११२१ हेक्टर अथवा जलाशयले मात्र ७०७ हेक्टर जमिन ओगटेको पाईन्छ (जिल्ला पार्श्वचित्र २०५८) ।

यो जिल्लाको नदीहरु उत्तर देखि दक्षिण भएर बग्ने गर्दछ । मुख्य नदीहरु मध्ये कमला, रातु, चारनाथ, जलाद, जगदर, वलुवा, विग्घी, औरही इत्यादि पर्दछन् । यी मूख्य नदीहरुका खोला खोल्सी पनि थुप्रै रहेको देखिन्छ । नदीहरुको औसत चौडाई १०० फिट देखि ७०० फिट सम्म पाईएको छ । प्रत्येक वर्ष मुख्य नदीहरुले १०० मिटर आफ्नो चौडाई बढाउने गरेको एक अध्ययनले देखाई रहेको छ । सहायक खोलाहरुको नामावली बैहिरा, निमाईन, गौरी, जोगीया, वफर, पचखिखिरी, सेलार, भोटे, काली खोला, मुर्गिया, सपही, कैथिनीया, चमिनिया, बसही, सौतिनी, बडहरी, खोक्सी आदि रहेको छ ।

## १.६. भौतिक पूर्बाधार

### यातायात र संचार

धनुषा जिल्ला यातायात र संचारको सुविधाको हकमा सम्पन्न जिल्लाको रुपमा मानिन्छ । यस जिल्लामा पुर्व पश्चिम महेन्द्र राजमार्ग कमला देखि रातु सम्मको खण्ड पर्दछ । ढल्केवरवाट जनकपुर हुदै भारतीय सीमाको भिठ्ठामोड र जनकपुरदेखि जटही सम्म पक्की सडकले जोडिएको छ । हिउँदमा सबै जसो गा.वि.स. मा कच्ची बाटोहरुमा मोटर चल्ने गर्दछ । हवाई यातायात अन्तर्गत जनकपुरमा एक पक्की विमान स्थल निर्माण बनाई संचालन भई रहेको छ । नेपालको एक मात्र रेल्वे जयनगर (भारत ) बाट जनकपुरसम्म चल्ने गरेकोमा ६०-६५ वर्ष पुरानो भइसकेको यो रेल्वेको आधुनिकीकरण गर्न यसलाई Broadgage मा परिणत गरी महोत्तरीको वर्दीवाससम्म पु-याउने काम जारी रहेको छ । जटही देखि जनकपुर सम्मको वाटोलाई ६ लैनको वनाउने कार्य तिव्र रुपमा कार्य भईरहेको । हवाई यातायातले पनि यो जिल्लावासीलाई प्रत्यक्ष फाइदा पुगेको छ । मोटर बाटोको सन्दर्भमा एक तथ्यांक अनुसार यस जिल्लामा करीव ७५० कि.मी. सडक संचालन भएकोमा १२० कि.मी पक्की सडक र २६४ कि.मी ग्राभेल र ३७६ कि.मी कच्चा सडक निर्माण भई संचालन भई रहेका छन । पुरानो धुलो (कच्ची) सडकहरु तीव्र गतिमा ग्राभेल सडकको रुपमा परिणत भएका छन् । आ.व. २०६८।०६९ सम्म बाह्रै महिनामा मोटर पुग्ने सुविधा लगभग सवै गा.वि.स.मा पुगेको छ ।

संचार क्षेत्रमा हुलाक सेवा जिल्लाको सम्पूर्ण ७१ गा.वि.स., ५ नगरपालिका र १ उपमहानगरपालिकमा पुगेको छ । साथै दुरसंचारको क्षेत्रमा सम्म सदरमुकाम लगायत जिल्लाको सवै गा.वि.स. हरुमा कुनै न कुनै रुपमा दुर संचार सेवा संचालन भएका छन । साथै टेलिफोन सेवा अन्तर्गत VHF, MARTS, CDMA, CDMA mobile, PSTN Set, Namaste Pre-Paid & Post Paid तथा मेरो मोवाइलको संचार सुविधा उपलव्ध छन् । यस जिल्लाको सदरमुकाम जनकपुरमा ८ वटा एफ. एम.रेडियो र ३ वटा टेलिभिजन सेवा संचालनमा छन । यसका अतिरिक्त छापा माध्यमका साप्ताहिक तथा दैनिक पत्र पत्रिकाको संख्या पनि उल्लेखनिय रहेको छ ।

### अस्पताल तथा हेल्थपोष्ट

यस जिल्लामा अधिकांश महिनामा गर्मी भएकोले रोगहरु लाग्न सक्ने सम्भावना बढी नै देखिन्छ । यहां अन्चल अस्पताल १, अंचल आयुर्वेद औषधालय १, आखा अस्पताल १ रहेका छन साथै मेडिकल कलेज १ र आयुर्वेद कलेज १ का साथ थुप्रै निजी नर्सिङ होमहरु स्थापना भई संचालन भई रहेको छ । जिल्ला जनस्वास्थ्य कार्यालयको विवरण अनुसार यस जिल्लामा प्रथामिक स्वास्थ्य केन्द्र-५, स्वास्थ्य चौकी-१७ र उप-स्वास्थ्य चौकी-८८, गाउघर क्लिनिक ५०५, खोप क्लिनिक ५२५ र महिला स्वास्थ्य सेविका ९०९ रहेका छन । जसले गांउ स्तरमा राम्रोसंग स्वास्थ्य सेवा दिईरहेको छ । यस क्षेत्रमा यसका अलावा आयुर्वेद औषधालयहरु पनि रहेको छ ।

## १.७ भू-उपयोगिता

भौगोलिक संरचनालाई हेर्दा यस जिल्लामा चुरे, भावर र तराई क्षेत्र पर्दछ । यस जिल्लाले समथर उर्वरभुमि रहेको तराई देखि चुरे पहाड सम्मलाई समेटिएको छ । वन जंगल क्षेत्र अधिकांश रुपमा चुरे, भावर क्षेत्रमा अवस्थित छ भने तराई क्षेत्रमा आवादी र बसोबास क्षेत्रहरु रहेको छ । यो जिल्ला तालतलैयाहरु प्रशस्त भएको क्षेत्र अन्तर्गत पर्दछ ।

भु-उपयोगिताको आधारमा यस जिल्लामा ६७.६८% कृषि भुमि, २३.३१% वन, झाडी बुट्टायन ०.०१ % घांसेमैदान १.२२ %, पोखरी ०.५२%, नदी,ढुङ्गा, वालुवा क्षेत्र ३.९६ %, बगैचा २.०८%, र शहरी क्षेत्र १.२२ % रहेको छ । सन्

१९९६ को नापी विभागको भु-सुचना प्रणालीको आधारमा यस जिल्लको भू-उपयोगिताको वर्गीकरण निम्नानुसार छन् ।

भु-उपयोगिताको विवरण

| क्र.सं. | भू-भाग | क्षेत्रफल (हेक्टर ) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि | ८००६०.० | ६७.६८ | |
| २ | वन | २७५७८.६ | २३.३१ | |
| ३ | घांसे मैदान | १४४१.० | १.२२ | |
| ४ | झाडी बुट्टायन | १२.३० | ०.०१ | |
| ५ | पोखरी क्षेत्र | ६१२.३ | ०.५२ | |
| ६ | बगैचा | २४५९.० | २.०८ | |
| ७ | शहरी बसोबास क्षेत्र | १४४९.० | १.२२ | |
| ८ | नदी,ढुङ्गा, वालुवा | ४६८७.१ | ३.९६ | |
| जम्मा | | ११८३०० | १०० | |

स्रोतः जिल्ला वन क्षेत्र योजना, २००८

बढदो जनसंख्याको चाप, कृषि योग्य भूमीमा घरघडेरी औधोगीकीकरण, शहरीकरणको साथै नदी कटान लगायत विकास निर्माण कार्य समेतले क्रमिक रुपमा भू-उपयोगितामा परिवर्तन हुदै गइरहेको छ । नदी खोला, सडक, नहर किनार, पोखरी डिल लगायत अन्य पर्ति ऐलानी एवं खाली जग्गामा वृक्षारोपण गर्नु पर्ने आवश्यकता देखिन्छ ।